# कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.१४/०७९/०८० मिति २०८०।०१।१९ गतेको एजेण्डा तथा निर्णयहरू

**छलफल गरिने विषयहरू र निर्णयहरू (Agendas and Decisions)**

१. विद्यालय गाभ्ने (समायोजन) सम्बन्धमा ।

निर्णयः प्रस्ताव नं.१ माथि छलफल गर्दा आ.व.२०७९/८० का लागि नवौं नगर सभाबाट पारित वार्षिक नगर विकास योजनाले लिएको सामाजिक विकास अन्तर्गतको नीति **"न्यून विद्यार्थी रहेका विद्यालयहरूलाई नजिकैको विद्यालयमा मर्ज गरी शिक्षक दरबन्दी समेत मिलान गरिनेछ"** अनुसार विद्यार्थी संख्या समेत अत्यन्त न्यून रहेको र भौतिक पूर्वाधार समेत अत्यन्त कमजोर यस पालिका अन्तर्गत वडा नं.२६ स्थित श्री अच्युत प्राथमिक विद्यालय महेशपुरलाई सोही वडामा संचालित श्री ने.रा.मा.वि. सिस्वा महेशपुर, कलैया-२६ मा शैक्षिक सत्र २०८० बाट लागू हुने गरी गाभ्ने निर्णय गरियो । साथै, सो विद्यालय गाभ्दा विद्यालयमा रहेको मसलन्द लगायतका सामग्रीहरू, शिक्षक तथा कर्मचारीहरूलाई ने.रा.मा.वि. सिस्वा महेशपुरमा र विद्यार्थीहरू नजिकैका विद्यालयहरू सरस्वती प्रा.वि. महेशपुर, राधाकृष्ण प्रा.वि. महेशपुर वा ने.रा.मा.वि. सिस्वा महेशपुरमा पायक पर्ने हिसाबले जान सक्नेछन र भौतिक पूर्वाधारको संरक्षण र सम्बर्धनको लागि वडा कार्यालयले व्यवस्थापन गर्ने निर्णय गरियो ।

२. ठेक्का सम्बन्धमा ।

निर्णयः तपसिल बमोजिमको ठेक्काहरूको सम्बन्धमा मिति २०८०।०१।१७ गतेको राजस्व परामर्श समितिको निर्णय भए अनुसारको न्यूनतम अंकमा ठेक्काको सूचना गर्ने निर्णय गरियो ।

| क्र.सं. | ठेक्काको विवरण | ठेगाना | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|
| १. | साप्ताहिक खसि बजार | कलैया-६ | रु.१५५००००।- | |
| २. | हाट बजार | कलैया-१ | रु.३९३७०००।- | |
| ३. | माछा पोखरी | कलैया-१(कट्टी पर्सा) | रु.३०००००।- | |
| ४. | माछा पोखरी | कलैया-१२(धर्मनगर) | रु.२६५१०००।- | |
| ५. | माछा पोखरी | कलैया-१८(पतौरा) | रु.१९३११०१।- | |
| ६. | माछा पोखरी | कलैया-१९(पचायनपुर) | रु.६२५००।- | |
| ७. | माछा पोखरी | कलैया-२७(पर्ता टोल) | रु.१८५३५०१।- | |

३. कार्यक्रम संशोधन सम्बन्धमा ।

निर्णयः सरसफाईकर्मीको ज्याला शिर्षकमा छुट्टयाइएको रकम अपुग भई २०७९ फाल्गुन देखि २०८० आषाढ मसान्तसम्म ज्याला भुक्तानी गर्न समस्या हुन गएकोले आर्थिक प्रशासन शाखाको प्रस्तावमा नगर प्रमुख ज्यूबाट मिति २०८०।०१।०५ गतेको ***कार्यक्रम संशोधन सम्बन्धी*** टिप्पणी अनुसार विभिन्न २३ वटा शिर्षकको बजेट घटाई जम्मा रु.१,५५,५०,०००।—(रु.एक करोड पचपन्न लाख पचास हजार मात्र) रकम रकमान्तर गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

४. बजेट संशोधन सम्बन्धमा ।

निर्णयः आ.व. २०७८।०७९ मा बजेट सुनिश्चित नभई भएको तपसिल बमोजिमको ठेक्कामा आ.व.२०७९।८० मा नगर स्तरीय योजना अन्तर्गत भएको फोहोर मैला व्यवस्थापनको लागि ल्याण्ड फिल साइटको व्यवस्था गर्ने र फोहोरमैला वर्गीकरण गरी व्यवस्थापन गर्ने शिर्षकमा विनोयोजित

रु.१,५०,००,०००।—(एक करोड पचास लाख) बाट बजेट संशोधन गरी तपसिल बमोजिम योजनामा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

क) आ.व. २०७८।०७९ को ठेक्का नं. KSMC/NCB/Works-04-078/79 अन्तर्गत निर्माणाधीन रहेको *भरत चौक देखि राजदेवी जाने बाटो ढलान कार्य वार्ड नं.०१* मा रु.६०,००,०००।—(साठी लाख मात्र)

ख) आ.व. २०७८।०७९ को ठेक्का नं. KSMC/NCB/Works-05-078/79 अन्तर्गत निर्माणाधीन रहेको *पिच सडक निर्माण कार्य वार्ड नं.०१, ०४ र ०५* मा रु.६३,००,०००।—(तिरसठ लाख मात्र)

ग) आ.व. २०७९।०८० मा संघीय सरकार सशर्त पूँजीगत तिर कलैया नगरपालिका बसपार्क निर्माण IDUDBC/Parsa/2074-075-NCB-25 मा रु.४९०००००।—(उनचास लाख मात्र) विनियोजन भई मिति २०७९।०५।१७ मा उपभोक्ता समिति गठन भई मिति २०७९।०५।२४ मा कार्यदेश दिई निर्माण कार्य गराउँदै जाँदा मिति २०७९।१०।२५ सम्म रु.१६,२४,३४०।२८ (सोरह लाख चौबीस हजार तीन सय चालिस रुपैया अठाईस पैसा) जतिको काम भईसक्दा मिति २०७९।१०।२५ मा उक्त बजेट अर्थ मन्त्रालयबाट कट्टा गरिएकोले उक्त योजनाको लागि रु.१६,३०,०००।—(सोरह लाख तीस हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

घ) वडा नं.१३ को सामुदायिक आधारभूत विद्यालय, बलिरामपुरको कम्प्युटर संचालन गरी कार्यमा ल्याउने कार्यको लागि रु.१,००,०००।—(एक लाख) विनियोजन गर्ने निर्णय गरियो ।

ङ) वडा नं.१२ स्थित रहेको मदर्सामा शौचालय निर्माण गर्ने रु.२,००,०००।—(दुई लाख) विनियोजन गर्ने निर्णय गरियो ।

च) आ.व.२०७९।८० को *फोहोर मैला व्यवस्थापनको लागि ल्याण्ड फिल साइटको व्यवस्था गर्ने र फोहोरमैला वर्गीकरण गरी व्यवस्थापन गर्ने* शिर्षकमा रु.७,७०,०००।—(सात लाख सत्तरी हजार मात्र)

**५. टिप्पणी अनुमोदन ।**

**निर्णयः** तपसिल बमोजिमको निर्माण व्यवसायीलाई इजाजत पत्र दिन भनी उठाइएको टिप्पणी सदर गर्ने निर्णय गरियो ।

| क्र.सं. | निर्माण व्यवसायीको नाम | ठेगाना | प्रोपराइटरको नाम |
|---|---|---|---|
| १. | श्री रंजन कन्स्ट्रक्सन | कलैया-१९, बारा | रन्जन कुमार यादव |
| २. | श्री घन्टमाई कन्स्ट्रक्सन | कलैया-०४, बारा | आदित्य जयसवाल |
| ३. | श्री मण्डल कन्स्ट्रक्सन | कलैया-२७, बारा | विरेन्द्र महतो धानुक |
| ४. | श्री बानेश्वरी सिभिल सर्भिसेज | कलैया-०४, बारा | स्मिता रंजन |
| ५. | श्री स्टार कन्स्ट्रक्सन | कलेया-०८, बारा | नौलेज अंसारी |
| ६. | श्री प्रिती कन्स्ट्रक्सन | कलैया-०५, बारा | प्रिती दास |

**६. उपमहानगरपालिकाको तर्फबाट अड्डा अदालतमा कानूनी जिम्मेवारी सम्बन्धमा ।**

**निर्णयः** यस कलैया उपमहानगरपालिकाको तर्फबाट अड्डा अदालतको कामकाज तथा कानूनी समस्या सम्बन्धमा कानून अधिकृत श्री राजा हुसेन (अधिवक्ता प्र.नं.१९२३९) लाई जिम्मा दिने निर्णय गरियो । साथै उपमहानगरपालिकाको तर्फबाट मुद्दा मामिलाको रोहमा वारेस प्रतिनिधि ना.सु. श्री रामजी मण्डल महतोलाई तोकियो ।

७. **वडा नं.२३ को माछा पोखरीको ब्याज हर्जाना छूट सम्बन्धमा ।**
**निर्णय:** कलैया-२३ को माछा पोखरी २०७२।७३ देखि २०७६।७७ सम्मको लागि ठेक्का सकार गरेकोमा ठेक्का अवधिमै पोखरी मर्मत कार्य भएको तथा एक पटक पोखरीमा कसैले विष राखी सबै माछा मरेको साथै त्यसको लागि विभिन्न समयमा वडा अध्यक्षको संयोजकत्वमा समिति गठन भई सो समितिहरूले पनि ठेकेदारलाई मर्का पर्न गएको कुरा पुष्टि गरेकोले समयमा किस्ता रकम भुक्तानी गर्न नसकेको तर हाल एकमुष्ट रुपमा किस्ता वापतको सम्पूर्ण रकम तिरेकोले ब्याज हर्जाना छुट दिई निजको जग्गा फुकुवा गर्ने निर्णय गरियो ।

८. **प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।**
**निर्णय:** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको योजना समावेश गर्ने निर्णय गरियो ।

तपसिल

क) वडा नं.२ मा मिठा मीलदेखि कन्तार्वा पोखरीसम्म कृषि सडक योजना निर्माण,
ख) वडा नं.२ मा लङ्गडा पोखरीदेखि पूर्व कृषि सडक निर्माण,
ग) वडा नं.३ पासपत साह कानूको खेतदेखि ब्रह्मबाबासम्म कृषि सडक निर्माण,
घ) वडा नं.५ को खौराहा पुलदेखि ब्रह्म स्थानसम्म कृषि सडक निर्माण,
ङ) वडा नं.९ को मौजेरामपुर देखि बुधवा पोखरी हुँदै रामपुर पदम रोडसम्मको बाटो मर्मत योजना,
च) वडा नं.१७ भवानीपुर बुधराम महतोको घरदेखि ब्रह्मपुरी वडा कार्यालयसम्म कृषि सडक निर्माण,
छ) वडा नं.२२ मा मदिलवा धर्मशालादेखि टेंग्रहर खोलासम्म कृषि सडक निर्माण तथा अधुरो मर्मत,
ज) वडा नं.२३ मा रामएकबाल साह कानूको घरदेखि कलैया बिरगंज मेनरोड जोड्ने कृषि बाटो निर्माण,
झ) वडा नं.२४ कुलो सरसफाई,
ञ) वडा नं.२७ मा इमरती खोला नहरदेखि मिरा साहको घरसम्म कृषि सडक निर्माण ।

९. **ने.रा.नमूना मा.वि. मा निजी स्रोतमा कार्यरत शिक्षकको तलब सम्बन्धमा ।**
**निर्णय:** नेपाल राष्ट्रिय नमूना माध्यमिक विद्यालय, कलैया-१, बारा मा कार्यरत निजी स्रोत शिक्षक **श्री सरोज देवी साहलाई** श्रावणदेखि २०८० आषाढ मसान्तसम्मको तलब नगर स्तरीय शिक्षाको बचत रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

१०. **वडा नं.२७ को विद्यालयको पर्खाल निर्माण सम्बन्धमा ।**
**निर्णय:** जि.स.स. बाराले कलैया उ.म.न.पा.को साझेदारी समन्वयमा वडा नं.२७ को श्री ने.रा.आधारभूत विद्यालय रामपुर बिजुलपुरको पर्खाल निर्माण गर्ने निर्णय गरियो । साथै साझेदारी वापतको रकम नगरपालिकाबाट व्योहोर्ने निर्णय गरियो ।

११. **लामखुट्टेको औषधी छर्किने कार्यको लागि ज्याला सम्बन्धमा ।**
**निर्णय:** यस कार्यालयको मिति २०७९।०६।०२ गतेका कार्यदिशानुसार यस उपमहानगरपालिकाको वडा नं.१ देखि २७ सम्म लामखुट्टे नियन्त्रण गर्नका लागि सम्बन्धित वडाको वडा कार्यालयको मातहतमा रही ज्यामीहरू खटी लामखुट्टे मार्ने औषधी छिडकाउ अभियान संचालन भएकोमा सो कार्यमा खटिएको ज्यामीहरूको ज्यालाको हकमा तपसिल बमोजिमको वडाहरूबाट आएको सिफारिस अनुसार वडा सचिवको नाममा भुक्तानी गर्ने निर्णय गरियो ।

## तपसिल

| वडा नं | नाम | रकम | रकम | जम्मा रकम | सा सु कर | भाडा | बहालकर | प्राप्त हुने कुल रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री अमन ढुङगाना | ८,८२०।०० | ( | ८,८२०।०० | ८८।२० | ( | ( | ८,७३१।८० |
| २ | श्री रघु सहनी | १०,०८०।०० | १०,०८०।०० | २०,१६०।०० | २०१।६० | ( | ( | १९,९५८।४० |
| ३ | श्री नन्द किसोर जैसवार | १०,०२०।०० | ( | १०,०२०।०० | १००।२० | १,२००।०० | १२०।०० | १०,९९९।८० |
| ४ | श्री खेदु मियाँ अंसारी | १२,६००।०० | १५,७५०।०० | २८,६५०।०० | २८३।५० | ( | ( | २८,०६६।५० |
| ५ | श्री धनबहादुर नेम्वाङ्ग | ७,५६०।०० | ( | ७,५६०।०० | ७५।६० | ( | ( | ७,४८४।४० |
| ६ | श्री राजेश ठाकुर | १२,६००।०० | १२,६००।०० | २५,२००।०० | २५२।०० | ( | ( | २४,९४८।०० |
| ७ | श्री अवध किशोर साह | ८,८२०।०० | ( | ८,८२०।० | ८८।२० | ६००।०० | ६०।०० | ९,२७१।८० |
| ८ | श्री शिवशंकर कुशवाहा | १०,०८०।०० | १०,०८०।०० | २०,१६०।०० | २०१।६० | ( | ( | १९,९५८।४० |
| ९ | श्री मनोज कुमार यादव | ५,२००।०० | ( | ५,२००।०० | ५२।०० | ७००।०० | ७०।०० | ५७७८।०० |
| १० | श्री रामनरेश साह | ( | ( | ( | ( | ( | ( | ( |
| ११ | श्री रामबाबु कुशवाहा | ( | १०,०८०।०० | १०,०८०।०० | १००।८० | २,८००।०० | २८०।०० | १२,४९९।२० |
| १२ | श्री रामबाबु कुशवाहा | १०,०८०।०० | ( | १०,०८०।०० | १००।८० | ( | ( | ९,९७९।२० |
| १३ | श्री जयप्रकाश नारायण चौधरी | १०,०८०।०० | १०,०८०।०० | २०,१६०।०० | २०१।६० | ३,६००।०० | ३६०।०० | २३,१९८।४० |
| १४ | श्री रामनरेश प्रसाद साह | ७,५६०।०० | ( | ७,५६०।०० | ७५।६० | ( | ( | ७,४८४।४० |
| १५ | श्री नारद प्रसाद यदव | ११,३४०।०० | ( | ११,३४०।०० | ११३।४० | ( | ( | ११,२२६।६० |
| १६ | श्री हरदेव प्र साह कानु | १०,८८०।०० | १०,०८०।०० | २०,९६०।०० | २०९।६० | ( | ( | २०,७५०।४० |
| १७ | श्री हरदेव प्र साह कानु | ८,८२०।०० | ८,८२०।०० | १७,६४०।०० | १७६।४० | ( | ( | १७,४६३।६० |
| १८ | श्री राजेश प्रसाद यादव | ९,४५०।०० | ७,५६०।०० | १७,०१०।०० | १७०।१० | ( | ( | १६,८३९।९० |
| १९ | श्री सेहराज खाँ | ५,०४०।०० | | ५,०४०।०० | ५०।४० | ( | ( | ४,९८९।६० |
| २० | श्री राम प्रवेश यादव | ९,३७५।०० | ९,३७५।०० | १८,७५०।०० | १८७।५० | ( | ( | १८,५६२।५० |
| २१ | श्री रामएकबाल प्र कुर्मी | ७,५६०।०० | ( | ७,५६०।०० | ७५।६० | १,२००।०० | १२०।०० | ८,५६४।४० |
| २२ | श्री रामएकबाल प्र कुर्मी | ७,५६०।०० | ( | ७,५६०।०० | ७५।६० | १,२००।०० | १२०।०० | ८,५६४।४० |
| २३ | श्री राजेश ठाकुर | १०,८००।०० | १०,८००।०० | २१,६००।०० | २१६।०० | १,६००।०० | १६०।०० | २२,८२४।०० |
| २४ | श्री चन्द्रिका प्रसाद यादव | ७,५६०।०० | ७,५६०।०० | १५,१२०।०० | १५१।२० | १,२००।०० | १२०।०० | १६,०४८।८० |
| २५ | श्री राजीव पाण्डे | १०,०८०।०० | ९,४५०।०० | १९,५३० | १९५।३० | ५,६००।०० | ५६०।०० | २४,३७४।७० |
| २६ | श्री मनोज कुमार यादव | ९,१२०।०० | १०,०८०।०० | १९,२००।०० | १९२।०० | १,२००।०० | १२०।०० | २०,०८८।०० |
| २७ | श्री गोरख प्रसाद पंडित | ७,५६०।०० | ७,५६०।०० | १५,१२०।०० | १५१।२० | ( | ( | १४,९६८।८० |
| | कुल जम्मा | २२८,६४५।०० | १४९,९५५।०० | ३७८,६००।०० | ३,७८६।०० | २०,९००।०० | २,०९०।०० | ३९३,६२४।०० |